# आकाशवाणी समाचार- नेपाली

मितिः १२ अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमंत्री नरेंद्र मोदीले हिजो यूक्रेनका राष्ट्रपति वोलोदिमीर ज़ेलेंस्की सित टेलीफोनमा कुराकानी गर्नु भयो।

२. भारतले सम्भावित परमाणु खतराबारे पाकिस्तानका सेना प्रमुख असिम मुनीरले दिएको टिप्पणीको कडा शब्दमा निन्दा गरेको छ।

३. केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले जैव ईंधन र हरित हाइड्रोजनको उत्पादनसगै यसको प्रयोग पनि बढाउन सके भारत ऊर्जा निर्यातकर्ता बन्न सक्ने बताउनु भएको छ।

४. संसदले व्यापारिक नौवहन विधेयक 2024 पारित गरेको छ।

५. एशियन अन्डर –१९ र अन्डर–२२ बक्सिङ च्याम्पियनसिपमा भारतकी रितिकाले महिला ८० केजीभन्दा माथि तौल समूहमा स्वर्ण पदक जितेकी छन्।

**प्रधानमंत्री-ज़ेलेंस्की**

प्रधानमंत्री नरेंद्र मोदीले आज यूक्रेनका राष्ट्रपति वोलोदिमीर ज़ेलेंस्की सित टेलीफोनमा कुराकानी गर्नु भयो। श्री मोदीले हालका घटनाक्रमबारे श्री ज़ेलेंस्कीको पक्ष सुन्नु भयो। एक सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नु भएको छ रूस - युक्रेन संघर्षको शीघ्र र शांतिपूर्ण समाधानको खाँचो छ र यसबारे भारतको नीतिहरूसित जेलेंस्कीलाई अवगत गराउनु भयो। प्रधानमंत्रीले अझ भन्नु भेको छ कि भारतले यस संबंधमा हर संभव योगदान दिनुका साथ-साथै यूक्रेनसितको संबंधहरूलाई थप मजबूत गर्नका लागि प्रतिबद्ध छ।

**विदेश मंत्रालय-पाकिस्तान**

भारतले सम्भावित परमाणु खतराबारे पाकिस्तानका सेना प्रमुख असिम मुनीरले दिएको टिप्पणीको कडा शब्दमा निन्दा गरेको छ। भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले एक विज्ञप्ति जारी गर्दै भारतले कुनै पनि परमाणु ब्ल्याकमेलको अगाडि नझुक्ने स्पष्ट पारिसकेको बताउनु भएको छ। उहाँले राष्ट्रको सुरक्षाका लागि भारतले आवश्यक सबै कदम चाल्ने बताउनु भयो। श्री जायसवालले भन्नुभयो परमाणु हतियार डर देखाउने पाकिस्तानको आदत हो। तेस्रो मित्रराष्ट्रको माटोबाट यस्तो टिप्पणी गरिएकोमा उहाँले दुःख व्यक्त गर्नुभयो।

**नितिन गडकरी- पुणे दौरा**

केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले जैव ईंधन र हरित हाइड्रोजनको उत्पादनसगै यसको प्रयोग पनि बढाउन सके भारत ऊर्जा निर्यातकर्ता बन्न सक्ने बताउनु भएको छ। विश्व जैव ईंधन दिवसको अवसरमा हिजो पुणेमा आयोजित **बायोवर्स पहल**को उद्घाटन समारोहलाई सम्बोधन गर्दैउहाँले यस्तो बताउनु भएको हो भने जैव ईंधन क्रान्तिले आयात घटाउन र ग्रामीण अर्थतन्त्रलाई उकास्न महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो।

**यूआईडीएआई - अनुहार प्रमाणीकरण**

आधार अनुहार प्रमाणीकरण प्रणाली ने प्रणालीले १० अगस्ट २०२५ सम्ममा दुई अर्ब कारोबारको आँकडा पार गरेर एक ठूलो उपलाब्दी हासिल गरेको छ। ६ महिनाको अवधिमा कारोबार संख्या दोब्बर भएर एक अर्ब पुगेको छ। यो प्रणालीबाट कुनै पनि कागजात वा शारीरिक सम्पर्क बिना, केवल अनुहारहरू प्रयोग गरेर पहिचान प्रमाणित गरिन्छ। सुरक्षित र छिटो प्रणाली प्रयोग कुनै पनि समयमा, कहीं पनि गर्न सकिन्छ। युनिक आइडेन्टिफिकेसन अथोरिटी अफ इन्डिया (यूआईडीएआई) ले सरकारी विभागहरू, बैंकहरू र सेवा प्रदायकहरूसँग मिलेर फेस अथेन्टिकेसनलाई बढावा दिन काम गरिरहेको छ। यूआईडीएआईका प्रमुख कार्यकारी अधिकृत भुवनेश्वर कुमारले भने, 'यति छोटो समयमा दुई अर्ब आधारले प्रमाणीकरण को सामना गर्नुपरिरहेको छ, यसले आधारको सुरक्षित, समावेशी र नवीन प्रमाणीकरण प्रणालीमा जनताको विश्वास लाई दर्शाउँछ।

**शाह सम्मेलन**

केन्द्रीय गृहमन्त्री अमित शाहले २४ अगष्टमा दिल्ली विधानसभामा दुई दिने अखिल भारतीय स्पीकर्स सम्मेलनको उद्घाटन गर्नुहुनेछ। विठ्ठलभाई पटेलले देशको पहिलो निर्वाचित अध्यक्षको रूपमा केन्द्रीय विधान सभाको अध्यक्षको रूपमा कार्यभार सम्हालेको शतवार्षिकीको उपलक्ष्यमा सम्मेलनको आयोजना गर्न लागिएको हो।
दिल्ली विधानसभाका अध्यक्ष विजेन्द्र गुप्ताले विठ्ठलभाई पटेलको जीवन, संसदीय योगदान र स्वतन्त्रता संग्राममा पटेलको भूमिकाबारे प्रदर्शनी, विशेष वृत्तचित्र र स्मारिका हुलाक टिकट सार्वजनिक गरिने जानकारी दिनुभयो। सम्मेलनको समापन सत्रको अध्यक्षता लोकसभा अध्यक्ष ओम बिरलाले गर्नुहुनेछ। सम्मेलनलाई राज्यसभाका उपसभापति हरिवंश नारायण सिंह, केन्द्रीय मन्त्रीहरू गजेन्द्रसिंह शेखावत र किरण रिजिजु, पूर्व लोकसभा अध्यक्ष मीरा कुमार, दिल्लीका उपराज्यपाल विनयकुमार सक्सेना र दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले पनि सम्बोधन गर्नुहुनेछ।

**नौवहन विधेयक 2024**

संसदले व्यापारिक नौवहन विधेयक 2024 पारित गरेको छ। राज्यसभाले हिजो यसलाई मन्जुरी दिएको हो। यस विधेयकले मर्चेट शिपिंग अधिनियम 1958 को स्थान लिनेछ। विधेयकले भारतीय नौवहनको विकास र भारतीय व्यापारी समुद्री क्षेत्रको कुशल रखरखाव सुनिश्चित गर्नेछ। राज्यसभामा विधेयकमाथिको छलफलको जवाफ दिँदै पानीजहाज, पानीजहाज तथा जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा विगत ११ वर्षमा सामुद्रिक क्षेत्रमा धेरै सुधार गरिएको बताउनु भयो। विधेयकले विभिन्न सुरक्षा पक्षलाई समेटेको छ।

**विश्व हाथी दिवस**

हरेक वर्ष अगष्ट १२ तारिखका दिन विश्व हात्ती दिवस मनाइन्छ। हात्तीलाई बुद्धि, शक्ति र सन्तुलनको प्रतीक मानिन्छ। विश्व हात्ती दिवस २०२५ को राष्ट्रिय उत्सव तमिलनाडुको कोयम्बटूरमा मनाइने भएको छ। पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्रालयले तमिलनाडु वन विभागसँगको सहयोगमा यो कार्यक्रम आयोजना गर्न लागेको हो। कार्यक्रमको उद्घाटन केन्द्रीय वातावरण मन्त्री भूपेन्द्र यादवले गर्नुहुनेछ भने कार्यक्रममा वन अधिकारी, नीति निर्माता, वन्यजन्तु विज्ञ र नागरिक समाजका प्रतिनिधिको सहभागिता रहने छ। सम्मेलनमा हात्ती संरक्षण र मानव–हात्ती संघर्षसँग जुध्ने उपायबारे छलफल हुनेछ। सन् २०२३ मा भारतमा हात्ती करिडोरसम्बन्धी प्रतिवेदनअनुसार विश्वको करिब ६० प्रतिशत जंगली हात्ती भारतमा बसोबास गर्छन्। भारतमा ३३ वटा हात्ती अभ्यारण्य र १५० वटा पहिचान गरिएका हात्ती करिडोर छन्।

**ईसीआई- तथ्य जाँच**

निर्वाचन आयोगले कांग्रेस नेता राहुल गान्धी र राष्ट्रिय जनता दल सहित विभिन्न राजनीतिक दलले बिहारमा मतदाता नामावलीमा विशेष गहन पुनरावलोकन सँग सम्बन्धित दाबीलाई अस्वीकार गरेको छ। सोशल मीडियामा तथ्य जाँचको शृङ्खलामा आयोगले मतदाता नामावलीले लोकतन्त्रलाई बलियो बनाएको बताएको छ। विशेष गहन पुनरावलोकन र गणनाको प्रमुख निष्कर्षहरूसँग सम्बन्धित सबै कागजातहरू पनि साझा गरिएको थियो। आयोगले बिहारका मतदाताका १० हजार ५ सय ७० दाबी र आपत्तिमध्ये १ सय २७ वटाको समाधान गरिसकेको छ।

**महाराष्ट्र-हर घर तिरंगा**

'आजादी का अमृत महोत्सव' अन्तरगत 'हर घर तिरंगा' अभियान पुरा महाराष्ट्रमा उत्साह देखिदैछ। नासिकमा, नगर निगमद्वारा राजीव गान्धी भवनमा विशाल राष्ट्रिय झण्डा फहराइयो र एक मानव श्रृंखलाको आयोजना गरियो जसमा विद्यार्थी, शिक्षक र नागरिकहरू देशभक्तिको नारा लगाउन सामेल भए। यो अभियान राज्यभरि जारी छ र नागरिकहरूलाई स्वतन्त्रता दिवसको अघि उनीहरूको घरमा तिरंगा फहराउन प्रेरित गरिरहेको छ।

**तिरंगा- नागालैंड**

भारतीय जनता पार्टीको नागाल्याण्ड एकाइले राज्यभरि विभिन्न कार्यक्रमका साथ "हर घर तिरंगा" अभियान सुरु गरेको छ। यसै क्रममा दीमापुरमा पार्टीले दिव्यांग विद्यार्थीहरूका लागि विशेष फेलोसिप कार्यक्रमको आयोजना गरेको थियो। कार्यक्रममा बोल्दै प्रदेश भाजपा अध्यक्ष बेन्जामिन येप्थोमीले विद्यार्थीहरूको दृढ संकल्पको प्रशंसा गर्दै उनीहरूलाई विश्वासको जिउँदो उदाहरणको रूपमा वर्णन गर्नुभयो।

**ट्रम्प-पुतिन शिखर सम्मेलन**

अलास्कामा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग शुक्रबार हुने शिखर वार्ताअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले वार्ताको पहिलो दुई मिनेटमै सम्झौता गर्न सकिन्छ कि सकिँदैन भन्ने थाहा पाउने बताउनु भएको छ । ह्वाइट हाउसमा आयोजित पत्रकार सम्मेलनमा सो कुरा बताउदै ट्रम्पले आगामी बैठकप्रति आशावादी हुँदै युद्धविराम चाहेको बताउनु भयो । ट्रम्पले रुसको अर्थतन्त्रको वर्तमान अवस्था युक्रेनसँग रुसको संघर्षका कारण आएको बताउनु भयो। उहाँले भन्नुभयो अमेरिकाले रुसबाट तेल खरिद गर्ने देशलाई ५० प्रतिशत शुल्क लगाउँदा यसको ठूलो असर परेको छ। ट्रम्पले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की र युरोपेली नेताहरूसँग कुरा गर्नुअघि शान्ति सम्झौताका मापदण्डहरूबारे छलफल गर्न पुटिनसँग भेट गर्न चाहेको बताउनु भएको छ।

**एशियाई मुक्केबाजी**

एशियन अन्डर –१९ र अन्डर–२२ बक्सिङ च्याम्पियनसिपमा भारतकी रितिकाले महिला ८० केजीभन्दा माथि तौल समूहमा स्वर्ण पदक जितेकी छन् । बैंककमा भएको यस प्रतियोगितामा भारतले कुल २७ पदक जितेको थियो । अन्डर –१९ टोलीले तीन स्वर्ण, सात रजत र चार कास्यसहित १४ पदक जितेको छ | अन्डर –२२ टोलीले एक स्वर्ण, चार रजत र आठ कास्यसहित १३ पदक जितेको छ ।